# आरुघाट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## आरुघाट, गोरखा
## गण्डकी प्रदेश, नेपाल

## नदी जन्यपदार्थको बिक्री शुल्क उठाउने सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**दोस्रो पटक प्रकाशन मितिः२०७९/०९/०१**

यस गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को लागि ठेक्का सम्बन्धी कागजातमा उल्लेखित शर्तमा यस गाउँपालिका स्तुलखोला बगरको तपसिल वमोजिमका घाटबाट नदीजन्य पदार्थ ढुंगा,गिट्टी तथा बालुवा सङ्कलन र बिक्री सम्बन्धी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले निम्न लिखित न्यूनतम ठेक्का अंकमा नघट्ने गरी मिति २०७९/०८/०५ गतेको कार्यालयको निर्णयानुसार १५ दिने शिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ। सूचना प्रकाशन भएको मितिले तोकिएको म्यादभित्र योग्यता पुगेका फर्म तथा कम्पनीहरुले ठेक्का सम्बन्धी कागजात खरिद गरी देहायको मिति,समय र स्थानमा शिलबन्दी दरभाउपत्र पेश गर्नु हुन अनुरोध छ ।

**तपसिल**

| ठेक्का नं | ठेक्का विवरण | अधिकतम परिणाम (घ.मि.) | न्यूनतम ठेक्का अंक रु. (मु.अ.क.बाहेक) | दरभाउत्र फारम दस्तुर | धरौटी रकम |
|---|---|---|---|---|---|
| | **खण्ड ख .** | | | | |
| ARU/Rev/02/2079-080 | स्तुल खोला अन्तर्गत वडा नं.८ तर्फ (२८.०४९२७८, ८४.८०९३८९)घाट नं. ०१,(२८.०६०२२२, ८४.८०९१९५) घाट नं.०२ | २२२०.०० | ५,४८,२५१/-( रु पाँच लाख अठ्चालीस हजार दुई सय एकाउन्न रुपैया मात्र) | १,०००/- | कबोल अंकको ५ (पाँच ) प्रतिशत |

**आवश्यक कागजात तथा शर्तहरुः**

१. दरभाउपत्र आब्हानको सूचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र तोकिएको दस्तुर तिरी रीतपुर्वकको शिलबन्दी दरभाउपत्र फारम खरिद गर्न सकिने छ । दरभाउ पत्र फारम खरिद गर्दा निबेदन सहित फर्म ,संस्था वा कम्पनीहरुले ब्यबसाय दर्ता प्रमाण पत्र ,स्थायी लेखा नम्बर /मु.अ.क. करको दर्ता प्रमाणपत्र तथा संस्था नविकरण र आ.व.२०७८/०७९ सम्मको आयकर चुक्ता/म्याद थप भएको प्रमाणपत्रको प्रतिलिपिका साथ पेश गर्नुपर्नेछ। दरभाउपत्र सूचना प्रकाशन भएको मितिले १६ औं दिन दिनको (उक्त दिन बिदा भएमा सो को भोलिपल्ट) १२ बजे भित्र पेश गर्नु पर्नेछ । दरभाउ पत्र फारम खरिद गर्ने,दाखिलागर्ने र खोल्ने अन्तिम दिन बिदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन हुनेछ । म्याद नाघी आएको र रीत नपुगेको दरभाउ उपर कुनै कारबाही गरिने छैन ।

२. शिलबन्दी दरभाउपत्र दस्तुर आरुघाट गाउँपालिका राजस्व इकाई वा **राष्ट्रिय बाणिज्य बैंकमा** रहेको **आन्तरिक राजस्व खाता नं. ३२१०१००३०१०१०००२** मा जम्मा गरेको रसिद वा भौचर सहित खरिद गर्न सकिनेछ । शिलबन्दी दरभाउपत्र नियमानुसार खरिद भएको दरभाउपत्र फारमको प्रत्येक पानामा सहीछाप र शिलबन्दी गरी खामबाहिर फर्मको

नाम,ठेगाना, ठेक्काको नाम,नम्बर लेखी पेश गर्नुपर्ने छ । दरभाउपत्र भर्दा अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ तर अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ । प्राप्त दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस गाउँपालिकामा सुरक्षित रहनेछ ।

३. दरभाउपत्र फारम साथ धरौटी बापत कबोल गरेको अंकको कम्तिमा ५% ले हुन आउने रकम यस कार्यालयको **राष्ट्रिय वाणिज्य बैंक, आरुघाटको धरौटी खाता न. ३२१०१००३०३०१०००२** मा जम्मा गरेको सक्कल बैंक भौचर वा ७५ दिन मान्य अवधि भएको बैंक जमानतपत्र पेश गर्नुपर्ने छ ।

४.. रीतपूर्बक दर्ता भइ पेश हुन आएका दरभाउपत्र फारमहरु १६ औ दिन (उक्त दिन बिदा भएमा सो को भोलिपल्ट) १४:०० बजे कार्यालय प्रतिनिधि एवं दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोवहरमा खोलिने छ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न कुनै बाधापर्ने छैन ।

५. दरभाउपत्र स्वीकृत भएको सुचना पाएको मितिले ७ दिनभित्र सम्बन्धित ठेक्काको कबोल अंकको १३% ले हुने मु.अ. कर र १.५ % ले हुन आउने आग्रिम आय कर रकम आन्तरिक राजस्व कार्यालयमा दाखिला भएको प्रमाण र मु.अ.कर (VAT) बाहेक ठेक्का अंकको ५०% ले हुनआउने रकम यस कार्यालयको खातामा दाखिला गर्नु पर्नेछ र बाकि ५०% ले हुन आउने रकम बराबरको **२०८० साल आषाढ मसान्त**सम्म अवधि भएको र यस कार्यालयको नाममा जारी गरिएको नेपाल सरकारबाट मान्यता प्राप्त बैंकको **बैंक ग्यारेन्टी (परफरमेन्स वण्ड)** सम्झौता गर्दाको समयमै पेश गर्नुपर्ने छ र बाकी ५०% रकम २०७९ साल चैत मसान्तसम्म नियमानुसार बुझाई सक्नुपर्ने छ । तोकिएको समय भित्र बाकी ५०% रकम दाखिला नगरेमा ठेक्का सम्झौता गर्दा पेश गरेको बैंक ग्यारेन्टी (परफरमेन्स वण्ड) बाट किस्ता रकम अशुल उपर गरी अर्को ब्यवस्था गर्न सकिनेछ ।

६. ठेक्का कायदिश लिएको मितिदेखि मात्र ठेक्का चलान गर्न पाइनेछ । साथै तोकिएको परिमाण उठाईसकेमा ठेक्का समयावधि समाप्त हुनेछ,तर नसकेको अवस्थामा ठेक्काको अवधि २०८० साल जेष्ठ मसान्त सम्म मात्र हुनेछ ।

७. ढुंगा गिट्टी बालुवाको उत्खनन संकलन तथा बिक्री कार्य सम्बन्धमा केन्द्रीय अनुगमन समिति ,प्रदेश स्तरीय अनुगमन समिति,जिल्ला अनुगमन समिति एवं गाउँपालिका स्तरीय अनुगमन समितिबाट निर्देशन भए बमोजिम हुनेछ ।

८. यस सुचनामा उल्लेख नभएका बिषयहरु आरुघाट गाउँपालिका ,गाउँ कार्यपालिकाको निर्णय ,सार्बजनिक खरिद ऐन ,२०६३ (संशोधन सहित),सार्बजनिक खरिद नियमावली २०६४ (संशोधित) एवं प्रचलित ऐन तथा कानुन बमोजिम हुनेछ।

९. ढुंगा गिट्टी बालुवाको उत्खनन संकलन तथा बिक्री कार्य गर्दा आरुघाट गाउँ कार्यपालिकाको कार्यालय, गोरखाबाट स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिबेदनमा उल्लेखित शर्तहरुको पालना गर्नुपर्नेछ ।IEE प्रतिबेदनबारे तथा अन्य बिषयमा बुझ्न आवश्यक भएमा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

आरुघाट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
आरुघाट, गोरखा
गण्डकी प्रदेश, नेपाल